# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाडौं

मिति: २०७६।१०।२२ गते

# प्रेस विज्ञप्ति

**विषय: नियन्त्रणमा लिइएको ।**

नापी कार्यालय, बाँकेमा कार्यरत सर्भेक्षक यामबहादुर खत्री र आफूलाई लेखापढी कार्य गर्ने बताउने प्रताप के.सी.ले हालसाविक भिडाउने काम बापत सेवाग्राहीसँग घुस/रिसवत माग गरिरहेको भन्ने उजुरी एवं सूचनाको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बुटवल सम्पर्क कार्यालय नेपालगञ्जबाट खटिई गएको टोलीले निजहरु याबहादुर खत्री र प्रताप के.सी. लाई सेवाग्राहीबाट रु.३५,०००/- (पैतीस हजार) घुस/रिसवत लिएको अवस्थामा उक्त रकमसहित निजहरु दुबैजनालाई नापी कार्यालय बाँकेबाट नियन्त्रणमा लिई अनुसन्धान भइरहेको छ ।

प्रवक्ता<br>
प्रदीपकुमार कोइराला